# नेपाल पत्रकार महासंघ

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं
Central Committee
Federation of Nepali Journalists


२०७३/०५/०७

**माननीय सूचना तथा सञ्चारमन्त्रीज्यू**
**सूचना तथा सञ्चार मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

**विषयः ध्यानाकर्षण ।**

**माननीय मन्त्रीज्यू,**

नेपाली प्रेस र पत्रकारहरूले भोगिरहेका समस्याका सन्दर्भमा नेपाल पत्रकार महासंघले निरन्तररूपमा नेपाल सरकार र यस मन्त्रालयको ध्यानाकर्षण गराउँदै आएकोमा केही विषयहरूको संबोधन भएको छ भने केहीमा सकारात्मक पहल भइरहेको विश्वास लिइएको छ । यद्यपि पछिल्लो समयमा श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक र सेवा शर्त सुविधाको सन्दर्भमा भएका कानुनी व्यवस्था र निर्णयको कार्यान्वयनमा आलटाल गरिएको कारण अवस्था जटिल बन्दै गएकोले तत्काल यहाँको गम्भीर ध्यानाकर्षण गराउन आएका छौं । न्यूनतम पारिश्रमिक कार्यान्वयनका सन्दर्भमा तत्काल संवोधन हुन नसके महासंघ संघर्षमा उत्रिन बाध्य हुने व्यहोरा पनि स्पष्ट गर्दछौं ।

**(क) तत्काल संवोधन हुनपर्ने मुख्य विषय**

(१) नेपाल पत्रकार महासंघको माग र संलग्नता समेतका आधारमा न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरेको सिफारिसबमोजिम मन्त्रिपरिषद्बाट निर्णय भई २०७३ साउन १ गतेदेखि लागू हुने गरी श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारको न्यूनतम पारिश्रमिक निर्धारण भई २०७३/३/२८ र २०७३/४/२४ को नेपाल राजपत्रमा समेत प्रकाशित भइसकेको छ । सो पारिश्रमिक यही साउन महिनाको पारिश्रमिकमा स्वतः मिलान भई श्रमजीवी पत्रकार, कर्मचारी तथा कामदारले प्राप्त गर्नुपर्नेमा हालसम्म पनि त्यसको कार्यान्वयनमा आलटाल गरिनुका साथै समग्र पारिश्रमिक नै रोक्का गर्ने, प्रेस पास उपलब्ध नगराउने जस्ता कार्य हुनु आपत्तिजनक छ । महासंघ मन्त्रालयले सम्बद्ध पक्षलाई समन्वय गरी न्यूनतम पारिश्रमिकको नयाँ व्यवस्था तत्काल कार्यान्वयन गराउन माग गर्दछ ।

(२) महासंघ न्यूनतम पारिश्रमिकको नयाँ व्यवस्था अनुकूल तहगत आधारमा पुनरावलोकन गरी सञ्चार प्रतिष्ठानमा कार्यरत सम्पूर्ण श्रमजीवी पत्रकार, कर्मचारी,

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

कामदारको मासिक पारिश्रमिक बृद्धि र मिलान गराउन पहलको लागि आग्रह गर्दछ । साथै, श्रमजीवी पत्रकार ऐनका अन्य व्यवस्थाको कार्यान्वयन र समग्र मिडिया उद्योगको विकासका निम्ति सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

**(ख) अन्य विषयहरू**

(३) पत्रकारको दक्षता अभिवृद्धिका लागि नेपाल पत्रकार महासंघ समेतको संलग्नतामा स्वतन्त्र, स्वायत्त र प्राज्ञिक स्तरबाट व्यावसायिकरूपमा सञ्चालन हुने कानुनी संरचना तयार गरी राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाको लागि पुनः आग्रह गर्दछौं ।

(४) आमसञ्चार क्षेत्रको इतिहासको संरक्षण र विकासक्रमको अभिलेख तथा अध्ययन अनुसन्धानका लागि कानुनी संरचना तयार गरी आमसञ्चार संग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना गर्न पुनः आग्रह गर्दछौं ।

(५) मिडियाको प्राविधिक नियमन र प्रवर्धनको साथै प्रसारणमाध्यमको इजाजत, नवीकरण, विज्ञापन, वर्गीकरण, श्रम मामिला आदि हेर्ने गरी कानुनी संरचना तयार गरेर स्वतन्त्र, स्वायत्त राष्ट्रिय मिडिया आयोग वा प्राधिकरणको स्थापना गरी यसको प्रभावकारी सञ्चालनको व्यवस्था मिलाउन पुनः आग्रह गर्दछौं ।

(६) पत्रकार दुर्घटना बिमाको कार्यक्रम कार्यान्वयनका लागि यस मन्त्रालय र सूचना विभागबाट भएको पहलको सराहना गर्दै यसलाई अझ फराकिलोरूपमा नवीकरण गरी निरन्तरता दिन आग्रह गर्दछौं । यसमा स्वास्थ्य बीमालाई समेत समावेश गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछौं ।

(७) चालु आवको बजेटमा समावेश भइसकेको सरकारी अस्पताल र स्वास्थ्य संस्थाहरूबाट पत्रकारको उपचारमा ५० प्रतिशत छुटको व्यवस्था कार्यान्वयनका लागि आग्रह गर्दछौं ।

(८) लामो समयसम्म पत्रकारिताको माध्यमबाट राष्ट्रको सेवा गरेका बरिष्ठ पत्रकारहरू जीवनको उत्तरार्द्धमा आएर जीवनयापन र स्वास्थ्य उपचारको समस्याले पिरोलिएर कष्टकर जीवन बिताउन बाध्य हुनुपरेको विडम्बनापूर्ण अवस्थाको अन्त्य गर्न नीतिगत व्यवस्था गरी जेष्ठ पत्रकार र पत्रकारिता गर्दागर्दै दुर्घटना वा अन्य दीर्घरोगका कारण अपांगता या अशक्त जीवन बिताउन बाध्य पत्रकारको लागि निश्चित जीविकोपार्जन भत्ताको व्यवस्था गर्न महासंघले निरन्तर आग्रह गर्दै आएको छ । महासंघले आफ्नै पहल र आन्तरिक स्रोतबाट २०७३ वैशाखदेखि मासिक रु एक

# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं

नेपाल पत्रकार महासंघ केन्द्रीय समिति Central Committee Federation of Nepali Journalists

हजारका दरले जेष्ठ पत्रकार सम्मान वृत्ति प्रदान गर्दै आएको छ । यसमा सरकारले साझेदारी गर्ने वचन प्राप्त भए पनि मूर्त हुन नसकेकोले यसमा आवश्यक पहलकदमी हुन आग्रह गर्दछौं ।

(९) सशस्त्र द्वन्द्व एवं तत्पश्चात् ३५ जना पत्रकारको हत्या वा शंकास्पद मृत्यु भएको छ भने ४ जना अहिले पनि बेपत्ताको सूचीमा हुनुहुन्छ । यस्ता अधिकांश घटनामा कानुनी प्रक्रियासमेत अघि बढाइएको छैन । यसर्थ हत्या र बेपत्ता पत्रकारको सन्दर्भमा यथार्थ छानवीन, दोषीमाथि कारवाही र पीडितलाई राहतको सिफारिसका लागि अधिकारसम्पन्न आयोग गठनका साथै द्वन्द्वपीडित पत्रकार कल्याण कोषको कार्यान्वयनका लागि पुनः आग्रह गर्दछौं ।

(१०) महासंघबाट विगतदेखि नै ध्यानकर्षण गराइँदै आएको नयाँ आमसञ्चार नीति तर्जुमा गर्न सरकारबाट उच्चस्तरीय समिति बनाई सोको सिफारिसका आधारमा नयाँ आमसञ्चार नीति जारी भएकोमा त्यसको हार्दिक स्वागत गर्दै नयाँ आमसञ्चार नीतिमा उल्लेख भएबमोजिमका संरचना निर्माण र मिडिया कानुनको पुनरावलोकन कार्य चाडो पूरा गरी मिडियाको पुनर्संरचना कार्यसमेत अघि बढाउन आग्रह गर्दछौं ।

(११) नेपाली मिडियालाई सेवा उद्योगको रूपमा मान्यता र सुविधा प्रदान गर्न एवं प्राकृतिक विपत्ति नाकाबन्दी र आमहड्ताल जस्ता कारणले उत्पन्न संकटलाई संवोधन गर्न रोयल्टी, नवीकरण शुल्क लगायतका कर छुटका साथै अन्य सुविधा र सहुलियतको व्यवस्था मिलाउन, क्लीन फिड नीतिको छिटो कार्यान्वयन गराउन, लोककल्याणकारी विज्ञापनको अंक वृद्धि गर्न, पत्रकारद्वारा सञ्चालित, साना लगानी र स्थानीय तहका सञ्चारमाध्यमको संरक्षणको लागि विशेष ध्यान दिन एवं सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली लागू गर्न आग्रह गर्दछौं ।

**डा. महेन्द्र विष्ट**
**अध्यक्ष**

फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org